# 'म त बन्दी भएको छु' कविता सङ्ग्रहमा यथार्थता

**गणेशराज अधिकारी [a]**
[a] महेन्द्ररत्न क्याम्पस, ताहाचल, त्रिभुवन विश्वविद्यालय
Email: lionganesh2017@gmail.com

*Article Info:*
Received: August 20, 2023
Revised: September 14, 2023
Accepted: September 29, 2023

***विषेश शब्द :*** नेल, प्रवर्तक, विधा, रूपक, यथार्थ

**अध्ययन सार:** 'म त बन्दी भएको छु' कविता सङ्ग्रहमा यथार्थताको खोजी गर्नु नै यस लेखको विषय हो । उक्त कविता सङ्ग्रहभित्र अभिव्यक्त यथार्थ पक्षको पहिचान गरी विश्लेषण गर्नु यस लेखको उद्देश्य हो । पुस्तकालय कार्यका आधारमा पुस्तक पठन विधिको प्रयोग गरी सङ्कलन गरिएका यथार्थताको पक्षलाई पाठ विश्लेषण विधिका आधारमा विश्लेषण गरिएको छ । कविता सङ्ग्रहलाई प्राथमिक स्रोतका रूपमा अपनाई लेखमा अपनाइएका विभिन्न विद्वानका लेख, टिप्पणी तथा पूर्वकार्यलाई द्वितीयक सामग्रीका रूपमा अपनाइएको छ । यथार्थताको अध्ययन गर्ने क्रममा कवितामा व्यक्त समाज, राजनीतिक व्यवस्था, अर्थव्यवस्था, संस्कार, संस्कृतिलाई प्राथमिकतामा राखिएको छ । कवितामा व्यक्त विषयवस्तु गरिबी, अभाव, पीडा, विसङ्गति, व्यङ्ग्य, समसामयिक दृष्टिकोण, आशावादी जीवनदृष्टिजस्ता स्वर स्वाभाविक रूपमा अभिव्यक्त भएका छन् । यथार्थमा काव्य सङ्ग्रहले देश, जनता, जाति, संस्कृति, सभ्यता र सांस्कारिक पक्षलाई केन्द्र बनाएर अगाडि बढेकोले राष्ट्रिय भाव काव्यमा स्वतः समेटिएको छ । गुणात्मक पद्धतिका माध्यमबाट कविता सङ्ग्रहलाई प्राथमिक स्रोतको सामग्रीका रूपमा उपयोग गरिएको छ । कवितामा यथार्थताको खोजी गरिएकाले प्रस्तुत लेखको पठन र अन्तर्पठनबाट सरोकारवाला पाठक तथा यथार्थताको अध्ययन गर्ने जो कोही अध्येतालाई प्रस्तुत लेख उपयोगी रहेको छ ।

## विषय प्रवेश

साहित्य दृश्य, श्रव्य र पाठ्य भेदमा व्यवहृत हुन्छ । दृश्य भेदमा रूपक सफल मानिन्छ । रूपकइतरका विधा पाठ्य र श्रव्य भेदबाट व्यवहृत हुन्छन् । साहित्यलाई अनेक विधाको समष्टि मानिन्छ । काव्य साहित्यभित्रकै एक प्रमुख विधा हो ।  काव्यका अनेक उपभेद छन् । आकारगत आयामका दृष्टिले कविता लघुतम (मुक्तक),लघु ( फुटकर कविता, गीत, गजल), मझौला (खण्डकाव्य) र बृहत् (महाकाव्य) गरी चार प्रकृतिका छन् (ढुङ्गेल, अधिकारी र गौतम, २०७६, पृ. १३) । मुक्तक कविताको लघुतम रूप हो । मुक्तकभन्दा फराकिलो आयाम भएको काव्य लघु रूप भएको रचना मानिन्छ । खण्डकाव्यको ओज प्राप्त गर्न नसकेका रचना काव्यका लघु आयाम भएका रचना हुन् । खण्डकाव्य कविताको मझौला आयाम भएको  रचना हो भने महाकाव्यलाई बृहत् रूप बुझाउने रचना मानिन्छ ।

खेमनाथ दाहालको प्रस्तुत '*म त बन्दी भएको छु* ' काव्य सङ्ग्रह कविताको लघु आयाम जनाउने कृति हो । यस सँगालोभित्रका सबै कविताहरू काव्यका लघु भेदभित्र पर्दछन् ।
कवि खेमनाथ दाहाल वि सं. २००९ मा नेपालको पूर्वी पहाडी भेग तेह्रथुम जिल्लाको लाब्रीमा जन्मेका हुन् । उनले व्यवस्थापन सङ्कायमा स्नातकोत्तर गरेका छन् । आजीविकाका क्रममा उनीसँग सङ्घर्षपूर्ण स्वदेश तथा विदेशमा आर्जन गरेको श्रम, र सफलताको कथा छ । कवि दाहालका कविता सङ्ग्रह , खण्डकाव्य र महाकाव्य प्रकाशित छन्

। कवि खेमनाथ दाहालका विषयमा प्रस्तुत काव्य सँगालोमा समालोचक माधवप्रसाद पोखेलले दाहाललाई जादुल्ले ( दाहाल, २०७०) भन्नुले दाहालको कवित्व ओजको पुष्टि गर्दछ ।

**समस्याकथन तथा उद्देश्य**

*'म त बन्दी भएको छु '* कविता सङ्ग्रहमा अभिव्यञ्जित यथार्थको खोजी नै यस अनुसन्धानको समस्या हो । कवि दाहाल रचित विवेच्य कविता सङ्ग्रहमा अभिव्यक्त यथार्थको खोजी गर्नु यस अनुसन्धानात्मक लेखको प्रयोजन हो । यथार्थको खोजी गर्ने क्रममा वैचारिक सामाजिक यथार्थको खोजी गर्नु, तथा तथ्य पुष्टि गर्नु पनि अनुसन्धान वा खोजको उद्देश्य हो ।

**अध्ययनको औचित्य**

प्रस्तुत लेख कवि दाहालको *'म त बन्दी भएको छु'* कृतिमा अभिव्यञ्जित यथार्थको खोजीमा केन्द्रित छ । काव्यमा विविध प्रकृतिका यथार्थ अभिव्यञ्जित छन् । विविध रूपका यथार्थ प्रस्तुत हुनुले काव्य अभिव्यञ्जित यथार्थका दृष्टिले औचित्ययुक्त छ । यथार्थको प्रस्तुतिका दृष्टिले विवेच्य काव्य सामाजिक , नैतिक, आर्थिक, प्राकृतिक, राजनीतिक , आदर्शजस्ता अभिव्यक्ति पक्षका दृष्टिले औचित्यपूर्ण छ । अनुसन्धान, खोज तथा स्वअध्ययनमा लागेका वा लाग्ने जो कोही शोधार्थीका लागि यस लेखले आवश्यक थप ज्ञान दिने छ । अझ प्रस्तुत विवेच्य काव्यमा अभिव्यञ्जित यथार्थको खोजी गर्नेका लागि त यो अध्ययन थप सहयोगी र सार्थक रहेको छ ।

**अध्ययनको परिसीमा**

प्रस्तुत लेख कवि खेमनाथ दाहालको *'म त बन्दी भएको छु'* काव्यको अध्ययनमा मात्र सीमित भएको छ । यस अध्ययनमा काव्यमा अभिव्यञ्जित यथार्थलाई मात्र समेटिएको छ । नेपाली मन, मुटु र माटोलाई जोड्न यथार्थको चित्रण गरिएको छ । सामाजिक धरातल र वास्तविक यथार्थलाई अभिव्यञ्जित यथार्थका रूपमा मात्र सीमित गरिएको छ ।

**कृतिसन्दर्भ**

खेमनाथ दाहालको *'म त बन्दी भएको छु'* कविता सङ्ग्रह गद्य कविताको सँगालो हो । यसमा आधुनिक गद्य प्रवर्तक कवि गोपालप्रसाद रिमालको "आमाको सपना "कविता सङ्ग्रहको प्रभाव परेको छ । कवि दाहाललाई आधुनिक गद्य कविका रूपमा चिनाउने केही दृष्टान्तलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

कोसी, काली र गण्डकीमा
नेल ठोकिएको छ
कालापानी, सुस्ता र लिम्पियाधुरामा
अघोषित जेल ठोकिएको छ ( दाहाल, २०७०, पृ. १) ।

कवि खेमनाथ दाहालका कवितामा देशप्रेमका भाव मुखरित छन् । स्वदेश,स्वजाति, स्वधर्म र संस्कृतिप्रति अगाध श्रद्धा प्रकट गरेका छन् । उनका पिता ज्योतिष तथा पण्डित भएकाले उनमा पनि त्यसको प्रभाव परेको कुरा समालोचक माधवप्रसाद पोखेलले दाहाललाई जादुल्ले भन्नुले कवि व्यक्तित्वको पुष्टि गर्दछ । कवि दाहाल प्रकृतिप्रेमी, देशप्रेमी, जातिप्रेमी, संस्कृतिप्रेमी एवम् प्रगतिवादी कवि हुन् भन्ने तथ्य काव्य सङ्ग्रहका कविताले नै पुष्टि गर्दछन् । विवेच्य काव्य सङ्ग्रहको अन्य विविध आधार वा पक्षमा अध्ययन गरिएको भए पनि यथार्थ पक्षलाई प्रकाशित गर्ने लक्ष्य राखेर अनुसन्धान भएको पाइदैन । अत : यस लेखमा विवेच्य सङ्ग्रहमा अभिव्यक्त यथार्थतालाई प्रवृत्तिगत रूपमा अध्ययन गरिएको छ ।

**सैद्धान्तिक आधार**

वस्तु सत्य नै यथार्थ हो । यथार्थले जे छ त्यही भन्छ । आफ्नो अगाडि जे देखिन्छ , जे भेटिन्छ त्यही नै सत्य हो । आफूले देखेको वस्तुगत कुरामा विश्वास राख्छ । यसको सम्बन्ध यथार्थवादसँग छ । देखिएको सत्य

प्रकृतिमा हुने भएकोले प्रकृति र प्रकृतवाद पनि यसका सहयोगी बन्छन् । प्रस्तुत कविता सङ्ग्रहमा यथार्थ पक्ष र आयामलाई अध्ययनको आधार बनाइएको छ। मानवीय जीवन जगतका बिचको सम्बन्धले देखा पर्ने वास्तविकतालाई यथार्थताको आँखाले हेरेर त्यसलाई यथार्थवादी साहित्यका रूपमा अध्ययन गर्ने परम्परा छ। यथार्थवादलाई चिनाउने क्रममा भण्डारी र पौडेल यसरी आफ्ना विचार प्रस्तुत गर्दछन् :

वस्तुतथ्यको यथातथ्य प्रस्तुति वा चित्राङ्कन र वर्णन नै यथार्थवाद हो (भण्डारी र पौडेल, २०६८ ) । यस तथ्यले यथार्थवाद भनेको वस्तुगत सत्य हो भन्ने बुझाउँछ। साहित्यका क्षेत्रमा यथार्थवाद शब्दले संसारमा जुन वस्तु जस्तो छ त्यस्तै बान्कीमा ठिक ठिक तरिकाले चित्रण वा वर्णन गर्ने विषयलाई बुझाउँछ (बराल र अन्य २०७९)। साहित्यमा यथार्थताको अध्ययन गर्दा न्यूनतम रूपमा समाजको सामाजिक पक्ष, सामाजिक परिवर्तन, सत्यम्, सुन्दरम्जस्ता प्रभावलाई ध्यान दिइन्छ। वस्तुको यथार्थ प्रकृतिबाट कलाको सिर्जना हुँदैन भन्ने मान्यता यथार्थवादको छ। वस्तु जस्तो छ त्यस्तै प्रस्तुति यथार्थवादको मान्यता हो (अधिकारी, गौतम, र ढुङ्गेल , २०७९: १२२) । सामाजिकता भनेको समाजको सर्वमान्य व्यवस्था हो । यसमा समाजका सामाजिक पक्षसँग सम्बन्ध राख्ने धेरै पक्ष जोडिएका हुन्छन् । विविध पक्षहरूमध्ये यथार्थता पनि एउटा प्रमुख पक्ष हो । समाजको भौतिक पक्ष प्रत्यक्ष रूपमा जोडिन्छ । त्यस्तै समाजसँग प्रत्यक्ष रूपमा जोडिने राजनैतिक, आर्थिक, वर्गीय, लैङ्गिकजस्ता पक्षको संयोजन पनि सजीव रूपमा व्यक्त भएको हुन्छ। यही वस्तुगत सत्य नै सामाजिक पक्ष हो ।

समाजका व्यक्ति स्वभावैले परिवर्तन चाहन्छन् । मान्छेका इच्छा वा चाहनाअनुसार समाजमा फेरबदल हुन्छ । यही फेरबदल नै परिवर्तन हो । वस्तुगत यथार्थमा भौतिक वा बाहय जीवन जगत वस्तु यथार्थ हो । साहित्यिक यथार्थले भने सामाजिक यथार्थलाई अँगाल्दछ ( आचार्य, २०६७ : १९४) । यसरी परिवर्तन हुने अवस्थाको सम्बन्ध यथार्थतासँग रहेको हुन्छ। समाजको व्यवस्थामा आएको फेरबदललाई सामाजिक परिवर्तनका रूपमा अध्ययन गर्ने गरिन्छ। यसरी भएको परिवर्तन समाजको संरचना वा बनोटमा भएको परिवर्तन हो।

समाजका अनेक संयन्त्र अस्तित्वमा छन् । इन्द्रिय प्रत्यक्षबाट वस्तुका विषयमा प्राप्त हुने खास ज्ञान र यथार्थ चित्रण नै यथार्थवाद हो ( जोशी, २०५१ ) वर्गीय, लैङ्गिक, आर्थिक, राजनीतिक यस्तै संयन्त्र हुन् । यी र यस्तै संयन्त्रको योगले समाजको स्वरूप तयार भएको हुन्छ। यी र यस्ता सबै पक्षको वस्तुगत चरित्रलाई यथार्थतासँग जोडेर अध्ययन गर्ने परम्परा चलेको पाइन्छ । प्रस्तुत अध्ययनमा उपर्युक्त यावत् पक्षका आधारमा 'म त बन्दी भएको छु' कविता सङ्ग्रहको विश्लेषण गरिएको छ।

## अध्ययन विधि

कवि खेमनाथ दाहालबाट रचित प्रस्तुत काव्य सङ्ग्रहमा वि सं. २०४१ देखि २०६९ सम्म रचना भएका कविता समेटिएका छन् । '*म त बन्दी भएको छु* ' देखि '*राष्ट्रवाद भयो क्षीण* 'सम्मका ३० वटा कविताहरू यस सङ्ग्रहमा समेटिएका छन्। काव्य रचनामा प्राथमिक स्रोत समाजका यथार्थ घटना तथा पात्र र परिवेश बनेका छन् । दिव्तीयक स्रोतका रूपमा अनुभव तथा दृश्यका घटना छन्। कतिपय श्रवणका अनौपचारिक सन्दर्भ पनि काव्यमा विषयसँग मिसिएर आएका छन्। काव्यमा व्यवहृत यथार्थ तथ्यलाई प्रत्यक्ष वर्णन र व्याख्या गरेर स्पष्ट्याइएको छ । आगमन विधिका माध्यमबाट यथार्थ अभिव्यक्तिको खोजी गरिएको छ। काव्यमा व्यक्त भएका तथ्यलाई व्याख्या विश्लेषणको प्रक्रियाका माध्यमबाट समीक्षा गरिएको छ। यस क्रममा गुणात्मक प्रकृतिको अनुसन्धान ढाँचा अवलम्बन गरिएको छ । अध्ययनलाई परिणाममुखी बनाउन मूल सामग्रीको पहिचान जरूरी हुन्छ । अत : प्रमुख सामग्रीको सङ्कलनमा यत्नपूर्वकको लगाव आवश्यक हुन्छ। पुस्तकालयको सहायताले मूल सामग्री सङ्कलन गरिएको छ। यसरी सङ्कलन गरिएका आधिकारिक सामग्रीलाई मूल आधार मानेर अध्ययन तथा विश्लेषण गरिएको छ। प्राथमिक स्रोतका सामग्री बटुलेर अध्ययन गरी त्यसको विश्लेषण र निष्कर्षण गरिएको छ। व्याख्याका क्रममा कवि दाहालको विवेच्य कृतिलाई विविध यथार्थको प्रस्तुतिका लागि दृष्टान्त बनाइएको छ।

## व्याख्या र विश्लेषण

'*म त बन्दी भएको छु* ' काव्य सङ्ग्रहमा अभिव्यञ्जित विभिन्न यथार्थको चित्रण गरिएको छ। काव्यमा व्यवहृत यथार्थका अवस्थालाई पृथक् पृथक् उपशीर्षकमा समीक्षा गरिएको छ । यस क्रममा कवि दाहालले

जिम्मेवारीपूर्ण समसामयिक विषयको उठान गरेका छन् । समसामयिक विषय , सामाजिक यथार्थ र सजीव व्याथाहरूको उठान गरेर कविता सङ्ग्रहमा राष्ट्रवादलाई प्रखर रूपमा काव्यको विषय बनाएका छन् । सामाजिक, सांस्कृतिक, राजनीतिक , नैतिकजस्ता पक्षलाई काव्यले स्वाभाविक ढङ्गले प्राथमिकतापूर्वक उठाएको छ ।

काव्य सङ्ग्रहमा उठाइएका विषयले राजनीतिक नेत्तृत्वको अदूरदर्शिताको यथार्थ चित्रण गरेको छ । नेत्तृत्वमा असमझदारी , देशको बिग्रँदो अवस्था , संस्थागत भ्रष्टाचार, अपवित्र राजनीतिक गठबन्धनको गलत संस्कारको विकासजस्ता विषय काव्यमा मुखरित भएका छन् । मर्यादा उल्लङ्घन, सांस्कृतिक , प्राविधिक सङ्कट, कुटनीतिक मर्यादा विचलन, सीमा क्षेत्रमा देखिएका विचलनजस्ता विकृतिप्रति तीव्र आक्रोश अभिव्यक्त भएका छन् । यथार्थ वस्तुस्थितिलाई प्रकाश पार्दै कर्तव्यनिष्ठ नागरिकको भूमिका निर्वाह गरेका छन् । उक्त कविता सङ्ग्रहमा अभिव्यक्त यथार्थतालाई निम्नानुसार थिमका आधारमा व्याख्या तथा तथ्याङ्कका आधारमा विश्लेषण गरिएको छ :

***राजनीतिक यथार्थ***

कवि खेमनाथ दाहालका कवितामा राजनीतिक यथार्थको सजीव अभिव्यक्ति भेटिन्छ । राजनीतिक वाद र पार्टीका नारामा जोडेर हत्कडी लाग्ने अवस्था बनाइएको छ । प्रजातन्त्र बन्दी भएको सन्दर्भसमेत प्रस्तुत भएको छ । प्रजातन्त्रलाई मागी खाने भाँडो बनाइएको छ भन्ने तथ्य कवितामा व्यवहृत छ । कविले काव्यमा राजनीतिक यथार्थलाई यसरी पस्केका छन् :

कसैले वादमा मिश्रण गरेर
मलाई बन्दी बनाएका छन्
कसैले पार्टीका नाराहरूमा टाँसेर
हत्कडी लगाएका छन्
म त झन् बन्दी भएको छु ( दाहाल, २०७० पृ २) ।

माथिका श्लोकांशले वर्तमान राजनीतिको जिउँदो तस्बिर प्रस्तुत गरेका छन् ।

**आदर्शजनित यथार्थ**

कवि दाहाल समाज असल हुनुपर्ने बताउँछन् । समाजमा रहने हामी स्वत : असल, सज्जन र आदर्श हुनुपर्छ भन्छन् । देश र समाजको समुन्नतिका लागि सर्जक दाहालले व्यक्त गरेका आदर्श भावलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

तिमीले आँखाबाट आँसु होइन
पुन : शान्ति सन्देश सम्प्रेषण गर्नुपर्छ
यहाँ अहिले थकाइ मार्ने बेला छैन (दाहाल, २०७० पृ ४) ।
बुद्ध र सीताको आदर्शले
विश्वमा शान्तिको रेखा कोरेको छ (दाहाल, २०७० पृ ३५) ।
आशा गर्छु यथाशीघ्र हुने छ अन्त्य शीतको
प्रवासी पनि फर्कौं है ज्योति बाल्न विकासको (दाहाल, २०७० पृ ५९) ।

माथि उल्लिखित श्लोकांशले यथार्थको झल्को दिँदै गर्दा देशको विकास, शान्तिको प्रत्याभूति र देशोन्नतिको भाव व्यक्त गरेका छन् । कवि दाहालमा आदर्श देशोन्नतिको भाव प्रमुख रूपमा मुखरित भएको छ ।

***आर्थिक यथार्थ***

काव्यमा आर्थिक विचलनका विषय उठेका छन् । कवि दाहालले अर्थतन्त्रमा देखिएको मन्दीलाई काव्यमा विषय बनाएका छन् । अर्थलाई आफ्नो जीवनको अभीष्ट मान्नेहरू हाय ! लक्ष्मी भन्दै बर्बराइरहेछन् भनेर यथार्थ अर्थव्यवस्थाको चित्रण गरेका छन् ।

तिम्रा बन्धुहरू बेजोडले
आफ्नै शैलीको खेतीमा लागेका छन्
भ्रष्टाचार र कुशासनको रापले
यो पुण्य भूमि
...खरानी बनाउने धुनमा लागेका छन् (दाहाल, २०७० पृ ३) ।

चीन, ब्राजील र भारतबाट सुरू भएको
आर्थिक आँधीको सामनाको बेलामा
बालस्ट्रीट कब्जा गरौँ भन्नेहरूको (दाहाल, २०७० पृ ३२) ।
...रसरङ्ग प्रिय यी रङ्गीहरू
सपनामा पनि हाय ! लक्ष्मी भन्दै बर्बराउँछन्
गजेट बजेट भन्दै विपनामा
आआफ्नो दुनो सोझ्याउन चिच्याएछन् (दाहाल, २०७० पृ ४५) ।

माथिका कवितांशले व्यक्तिगत, राष्ट्रिय र अन्तर्राष्ट्रिय अर्थव्यवस्थाको वर्तमान हालतको यथार्थ चित्रण गरेको छ ।

***विद्रोह, परिवर्तन र क्रान्तिजनित यथार्थ***

कवि दाहालका काव्यमा परिवर्तनका लागि विद्रोह गरिएको भाव भएका कविता पढ्न पाइन्छ । विद्रोहले ल्याएको परिवर्तनले क्रान्तिको रूप लिन्छ । यो क्रान्ति समाजको विकास र समाजको सुधारका लागि गरिएको हुन्छ । विद्रोहले विध्वंशको सट्टा उन्नति र विकासको सङ्केत गर्नुपर्छ । यही काव्य भाव कवि दाहालका कवितामा पाइन्छ ।

राष्ट्रवादका नारा लाग्दै छन्
ढुङ्गा हान्दै छन्
गाडी जल्दै छन् (दाहाल, २०७०, पृ.६) ।
भर्खरै ओथ्रा बसेको शान्तिमाथि
अनाहक आक्रामक बन्न खोज्दा
भित्रैदेखि आन्दोलित हुन्छ यो मन
हदैसम्म उम्लन्छ यो खून (दाहाल, २०७०, पृ.३० ) ।
जबसम्म हुने छैन जनक्रान्ति नयाँ यहाँ
व्यर्थमा जनता कुद्छौ भ्रष्टसँग कहाँ कहाँ (दाहाल , २०७०, पृ. ६७) ।

माथिका कवितांशमा विद्रोह, परिवर्तन र क्रान्तिको विषय भएका विचार आएका छन् । यी विचारको सार काव्यमा राष्ट्रवाद भएर व्यवहृत भएको पाइन्छ ।

***जाति, सभ्यता, देशप्रेम र राष्ट्रवाद***

कवि दाहालका कवितामा नेपाली जातिको भाव प्रतिबिम्बित भएको पाइन्छ । यसले नेपाली सभ्यतालाई उचो बनाउन योगदान गरेको छ । देशप्रेम र राष्ट्रवादका दृष्टिले कवि दाहालको ' म त बन्दी भएको छु ' सिङ्गो कविता सङ्ग्रह साक्षी छ । विवेच्य सङ्ग्रहमा व्यक्त काव्य भावले नेपाली मन र मुटुलाई माटोसँग जोडेर राष्ट्रवादको सन्देश दिएको छ ।

यो मुलुक कसैको स्वार्थमा लड्ने
न कुरूक्षेत्र हो
न रणक्षेत्र हो
यो त केवल नेपाल हो (दाहाल , २०७०, पृ. ३५ ) ।

माथि आएका कविताका अंशले यथार्थ भाव प्रस्तुत गरेका छन् । नेपाल र नेपालीको परिचय गराउने गरिमामय स्वतन्त्र र गौरवपूर्ण विरासत कायम गर्दै चिनिएको मुलुक हो भन्ने भाव अभिव्यक्त गरेको छ ।

आएँ लौ किन व्यर्थैमा सुख खोज्दै यहाँ हरे
आमाको काखमा भन्दा छैन न्यानो कसै गरे (दाहाल, २०७०, पृ. ५८ ) ।

प्रस्तुत अंशले पनि नेपाली सभ्यता र गरिमालाई नै चित्रण गरेको छ । नेपाली सभ्यता र जातिको ओज कायम भएको यथार्थ भाव अभिव्यञ्जित गरेको छ ।

***यथार्थ प्राकृतिक सांस्कृतिक अभिव्यक्ति***

कवि दाहालले विवेच्य काव्यमा नेपाली प्रकृति र संस्कृति तथा सांस्कृतिक पक्षलाई बडो सुन्दर ढङ्गले संयोजन गरेका छन् । प्राकृतिक तथा सांस्कृतिक वैभव तथा सौन्दर्य हाम्रा पहिचान बनेका छन् । यही प्राकृतिक तथा सांस्कृतिक सम्पदालाई कवि दाहालले जस्ताको तस्तै यसरी प्रस्तुत गरेका छन् :

जलस्रोतको भण्डारले
विश्व प्रदीप्त पार्ने क्षमता बोकेको छ
यहाँका हराभरा प्राकृतिक सम्पदाले
विश्वोद्यानझैँ यस धर्तीलाई सजाएको छ (दाहाल, २०७०, पृ.३५ ) ।

माथिको श्लोकको अंशले प्रकृतिको सम्पन्नता , जल सम्पदा र यसको महत्वलाई प्रकाशित गरेको छ । ' निषिद्ध वर्तमान ' कवितामा आएका माथिका अंशले संस्कृतिको चित्रण गरेका छन् । नग्न नृत्यको सन्दर्भ हाम्रो संस्कृति होइन । अत : संस्कारसहितको संस्कृति निर्माणका लागि लाग्न प्रेरित गरिएको छ ।

म देख्छु हिम ती शैल न प्यारो आफ्नु त्यो पन
न सुन्छु गीत गाएको छहराले कुनै दिन (दाहाल, २०७०, पृ.५८ ) ।

नेपाली पाखा ,पखेरा ,पर्वत, हिमाल ती आफ्ना जनाउने कुनै नदेख्दा नरमाइलो लागेको सन्दर्भ चित्रण गरिएको छ । नेपाली सङ्गीत त छहराले पनि दिन्थे भन्ने प्रकृति र संस्कृति प्रेमका भाव व्यक्त भएका छन् जसले गथार्थताको सङ्केत गर्दछन् ।

***साहस, वीरता र गौरवमय इतिहासको यथार्थ***

कवि खेमनाथ दाहालले कवितामा नेपाली वरिताको यथार्थ विवरण पस्केका छन् । उनी कवितामा नेपालीहरूको अदम्य साहसको चित्रण गर्दछन् । गौरवमय इतिहासका दृष्टिले पनि नेपाली भूमि विश्वकै नमुना छ भन्छन् । साहस, वीरता र गौरवमय इतिहास हाम्रा यथार्थ पहिचान भएको उल्लेख गर्दछन् ।

खलङ्गा र नालापानीको
वीरतालाई चटक्क बिर्साउन
टिष्टा र काङ्गडाको इतिहासलाई मेटाउन (दाहाल, २०७०, पृ.३९ ) ।

वीर नेपालीको वीरताले
विश्व इतिहास भरिएको छ (दाहाल, २०७०, पृ.३५ ) ।

माथिका कवितांशले नेपाली वीरता, साहस र गौरव गर्न लायक इतिहासको यथार्थ झल्को दिएका छन् । यथार्थताको अभिव्यक्तिका दृष्टिले यी तथ्य सन्दर्भपूर्ण र जीवन्त छन् ।

***राष्ट्रियता, राष्ट्रिय एकता र स्वतन्त्रताको अभिव्यक्ति***

कवि दाहालका कविता राष्ट्रियताका केन्द्रमा रचिएका छन् । विवेच्य काव्य सङ्ग्रहका थुप्रै कविता राष्ट्रियतालाई केन्द्र बनाएर लेखिएका छन् । राष्ट्रिय एकता र स्वतन्त्रता पनि उनका काव्यका केन्द्र बनेका छन् । उपर्युक्त तथ्यका आधारमा उनी मूलत : राष्ट्रवादी कविका दर्जामा दरिन्छन् ।

मेटाउन मेची र कालीको रेखालाई
वर्तमानलाई बुझेको छैन यसले
बरू कालचक्रले
नव विस्तारवादको रेखालाई मेटेको छ
मेची र कालीको रेखालाई सारेर (दाहाल, २०७०,पृ.१६ ) ।

छिमेकीहरूको विस्तारवादी नीति र चरित्रलाई यस अंशले उदाङ्गो पारेको छ ।

सतलज र सितुङ्गको
तादात्म्यलाई एउटै फ्रेममा भर्न
तिनका स्वतन्त्रताका गीतहरू
भावी पुस्ताको लागि निर्माण गर्न (दाहाल, २०७०, पृ.२३ ) ।

नेपालको स्वाधीन अवस्थाको चित्रण गर्दै भावी नवागत सन्ततिलाई आफ्नो गौरवमय स्वतन्त्रताको इतिहासलाई चिनाउने यथार्थ चित्रण गरिएको छ ।

### *विसङ्गति, बेथिति र व्यङ्ग्यको प्रस्तुति*

विवेच्य काव्य सँगालोमा कवि दाहाल विसङ्गति र बेथितिको यथार्थ तस्बिर कोर्दछन् । व्यङ्ग्य पनि उनका कवितामा सहजतापूर्वक भेटिन्छ । ' तृष्णा मेट्नु छ ' कवितामा कवि विसङ्गत पक्षलाई यसरी चित्रण गर्दछन् :

कान्तिपुरवासीका सन्ततिका
फोहोरका डङ्गुरले
यस नगरको आत्मा मरिसकेको छ ( दाहाल, २०७०, पृ.पृ. ५६,५७ ) ।

कवि दाहाल ' किन ?' कवितामा बेथितिलाई यसरी चित्रण गर्दछन् :

सत्ता प्राप्तिको लागि जेसुकै गर्न सक्ने
प्रजातन्त्र र स्वतन्त्रताका नवव्याख्याता
केही स्यालहरूको
अहिले यहाँ
यस मुलुकमा
रजाइँ भएको छ (दाहाल, २०७०, पृ. २६ ) ।

माथिको श्लोकको उद्घृत गरिएको अंशले सत्ता केन्द्रित खेललाई यथार्थ चित्रण गरेर बेथितिलाई नाङ्गो बनाई प्रस्तुत गरेको छ । ' फेरियो नाम केवल ' कवितामा कवि दाहाल व्यङ्ग्यलाई यसरी प्रस्तुत गर्दछन् :

नातागोता र चम्चा ती हिजोका राष्ट्रशोषक
शक्तिका रूपमा फेरि पलाए आँकुरा नव
आन्दोलन गरी साँच्चै नवीन पथ चाहने
जनता विचरा फेरि भयौँ लौ पछुताउने ( दाहाल, २०७० पृ. ६६ ) ।

हामी जनताको दु : ख कहिल्यै नसकिने भो भन्ने भाव कलात्मक रूपमा चित्रण भएको छ । माथिको श्लोकले यही यथार्थलाई विषय बनाएर व्यङ्ग्य गरेको छ ।

### *बौद्धिक र वैचारिक भावको प्रस्तुति*

खेमनाथ दाहालका कवितामा बौद्धिकता टड्कारो रूपमा प्रस्तुत भएको छ । काव्य सङ्ग्रहमा विचार पक्षले त्यतिकै महत्व पाएको छ । ' अन्त : स्करणबाट ' कवितामा कवि दाहाल विचार भावलाई यसरी प्रकाशित गर्दछन् :

निस्तब्धताको छत्रछायामा
अतिक्रमणले नेटो काटेको छ
लुटिएका छन् यत्रतत्र संयन्त्रहरू
अवरूद्ध पारेका छन्
शान्तिका यात्राहरू (दाहाल, २०७०, पृ.२२ ) ।

कवितामा बौद्धिक पक्षलाई प्रकाशित गर्ने तथ्य यसरी प्रस्तुत भएको छ :

रोपिएका छन् कलुषित बिरूवाहरू
मेरा प्रगति पथका किल्लामा
तथापि थाकेको छैन
मेरो अविच्छिन्न मन (दाहाल, २०७०, पृ.२३ ) ।

बौद्धिक चेतना र वैचारिक भावलाई कविले जस्ताको तस्तै प्रस्तुत गरेका छन् । यो तथ्य माथिको श्लोक अंशले यथार्थ रूपमा प्रकाशित गरेको छ ।

***शान्ति र व्यङ्ग्यजनित उन्नतिको अभिव्यक्ति***

' म त बन्दी भएको छु ' काव्य सङ्ग्रहमा कवि दाहालले शान्ति र व्यङ्ग्यजनित उन्नतिको विषयलाई प्राथमिकता दिएर यथार्थ रूपमा प्रस्तुत गरेका छन् । कवि ' आत्माको आवाज ' कवितामा शान्तिको भाव यसरी उल्लेख गर्दछन् :

बुद्ध र सीताको आदर्शले
विश्वमा शान्तिको रेखा कोरेको छ ( दाहाल, २०७०, पृ.३५ ) ।
चाँडै क्षितिज खुल्ने छ
शान्तिको बिरूवा बढ्ने छ
आकाश फाट्ने छ
सूर्य हाँस्ने छ ( दाहाल, २०७०, पृ. ३६ ) ।

माथिका श्लोकबाट शान्तिको भाव यथार्थ रूपमा प्रकाशित गरिएको छ । शान्तिको भाव अवर्णनीय छ । कवि दाहाल उन्नतिलाई व्यङ्ग्यजनित रूपमा प्रस्तुत गर्दछन् । देश, जनता, जाति र सभ्यताको उन्नतिभन्दा नेत्तृत्व तहमा रहनेहरूको उन्नति भएको तथ्यलाई ' छोरीलाई चिठी' कवितामा व्यङ्ग्यजनित भावका रूपमा यसरी प्रस्तुत गर्दछन् :

छोरी !
बाह्र वर्षमा यहाँ धेरै प्रगति भएको छ
तिमी हामीले खेतबारीमा देख्ने गरेका
बुख्याचाको परिवर्तित नयाँ संस्कार
अब पहिले जस्तो खेतबारीमा हैन
रत्नपार्क, नयाँ सडक र
राजधानीका आलिसान महलमा
सजिलै देख्न सकिने भएको छ (दाहाल, २०७०, पृ. ५४ ) ।

माथिको काव्यांशमा व्यक्त भावले देशको उन्नति नभए पनि नेत्तृत्व वर्गको उन्नति भएको व्यङ्ग्यजनित भाव प्रकाशित गरेको छ ।

***नरसंहार, विनाश र भोगवादी चरित्र***

कवि दाहालका कवितामा नरसंहार र विनाश यथार्थ विषय बनेर प्रस्तुत भएका छन् । 'संवाद बालस्ट्रीटसित' काव्यमा मानवतामाथिको नरसंहारलाई यसरी प्रस्तुत गरिएको छ :

स्टेच्यू अफ लिबर्टीतिर कर्के आँखा तान्दै
इराक, इरान र अफगानिस्तानबाट आएको कहरले
भूमण्डल नै दूषित पारेको
सन्देश सम्प्रेषण गर्दै छ (दाहाल, २०७०, पृ. ३३ ) ।

माथिको श्लोकले मानवताको संहारमा रमाएको आजको मान्छेको सजीव चित्रण गरेको छ । मानवताको संहारमा गर्व गरेको छ । यही जीवन्त यथार्थतालाई यस काव्यमा देखाइएको छ ।

एक प्रतिशतको तालमा नाच्ता नाच्तै
कताकता सुरै खुस्किएछ
तालै खुस्किएछ यसको आभास पाउँदा नपाउँदै
मेरो साम्राज्यमा
सूर्यास्तको बेला पो भएछ (दाहाल, २०७०, पृ. ३३ ) ।

कविताको अंशले पाठकलाई भोक्ताले विनाश भएकै थाहा पाएनछ भन्ने यथार्थ सन्देश दिएको छ । यस सन्देशमा विनाशको भाव प्रकाशित भएको छ ।

कवि भोगवादी चरित्रलाई ' परिणाम ' शीर्षकको कवितामा यसरी अभिव्यक्त गर्दछन् :

आआफ्नो दुनो सोझ्याउन चिच्याएछन्
रासलीलामा कृष्णलाई बिर्साएछन्
छलकपटमा शकुनिलाई हराएछन्
सुविधा सत्ताभन्दा
उभयलिङ्गीसम्म भई चप्काउँछन् (दाहाल, २०७०, पृ. ४५ ) ।

आजको मान्छेका नियति यसरी उदाङ्गिएका छन् भन्ने यथार्थ सन्देश काव्यबाट प्रवाहित भएको पाइन्छ । यिनले मान्छेले मान्छेलाई कसरी समाप्त गर्छन् र आफू कसरी सेवा सुविधाको भोग गर्दछन् भन्ने यथार्थ सन्देश दिएका छन् ।

***व्यङ्ग्यजनित विश्वमानवता, स्वाभिमान र विवेकको प्रस्तुति***

कवि खेमनाथ दाहालले काव्यमा विश्वमानवतालाई काव्यको विषय बनाएका छन् । मानव विवेकको प्रस्तुति पनि उनको काव्यमा समेटिएको छ । मानवता र विवेकसँगै उनले नेपाली स्वाभिमानलाई पनि काव्यमा प्रस्तुत गरेका छन् । ' विलुप्त ' कवितामा कविले विश्वमानवतालाई यसरी चित्रण गरेका छन् :

नाजी आतङ्कका सिकार आत्माहरू
पुन : जेरूसेलममा प्रकट भएका छन्
यस्तै रहेछ विधिको विधान
वर्तमान प्रतिकूल भएपछि
अभेद्य ठानिएका किल्लाहरू
आफसे आफ ढल्दारहेछन् (दाहाल, २०७०, पृ. २४ ) ।

कवि दाहाल ' किन ?' शीर्षकको कवितामा विवेकलाई विवेक शून्य छ भन्दै विवेकको चित्रण यसरी गर्दछन् :

त्यत्रो बलिदान र सङ्घर्ष गर्न सक्ने
त्यो समुद्ररूपी मानव लहर आज
किन ?
केवल बुख्याचा भएको छ (दाहाल, २०७०, पृ. २७ ) ।

' प्रतिकार ' कवितामा स्वाभिमानको भाव यसरी पोखिएको छ :

नेपालीको बहादुरीको इतिहासलाई
पुन : एकपल्ट दोहोर्‍याउने बेला आएको छ
समयसमयमा उर्लने जनताको लहरले
एकै स्वरमा प्रतिकारस्वरूप
तहल्का मच्चाउने बेला आएको छ (दाहाल, २०७०, पृ. ४० ) ।

***कृत्रिमता र चमेरे प्रवृत्तिको अभिव्यक्ति***

कृत्रिमता र चमेरे प्रवृत्तिलाई कवि दाहालले काव्यमा प्रस्तुत गरेर यथार्थताको चित्रण गरेका छन् । ' कविता फुर्दैन ' कवितामा कवि कृत्रिमतालाई यसरी प्रस्तुत गर्दछन् :

गरीब र निमुखा जनताहरूको
पसिनाको बदला रक्तसिञ्चित
डाँडा पाखाहरूमा
अब लाली गुराँस फुले पनि
प्रेमको अनुभूति मिल्दैन (दाहाल, २०७०, पृ. २८ ) ।

आज हामी प्राकृतिक पन गुमाउँदै छौं । हामीसँग भएका सबै कुराहरू कृत्रिम छन् । यही नै वर्तमानको यथार्थता हो भन्ने भाव माथि व्यक्त कवितांशले प्रस्तुत गरेका छन् ।

कवि दाहाल ' परिणाम ' कवितामा हामी आज अवसरवादी भएका छौँ भन्ने काव्य भाव व्यक्त गर्दछन् । हाम्रा क्रियाकलापमा दोहोरो चरित्र देखिएको छ भन्छन् । हामीमा भएको चमेरे प्रवृत्तिलाई कविको लेखनीले यसरी प्रस्तुत गरेको छ :

बक्ने, चुस्ने यिनको परम्परा भएछ
छेपारोझैँ रङ बदल्ने
यिनको मौलिकता रहेछ
चमेरो यिनको सैद्धान्तिक गुरु रहेछ (दाहाल, २०७०, पृ. ४५ ) ।

माथि प्रस्तुत कवितांशले आजको मान्छेको दहीच्युरे प्रवृत्तिलाई यथार्थ ढङ्गले प्रकाशित गरेको छ । आफ्नो स्वार्थका लागि रङ बदल्ने चरित्रलाई कविताले नाङ्गो रूपमा प्रस्तुत गरेको छ ।

***मानवीय संवेगको अभिव्यक्ति***

कवि दाहाल हामीजस्तै अरू मानिस भएकाले हामीमा हुने संवेग उनमा पनि अभिव्यक्त भएको छ। मानवीय संवेद्य अनुभूति नै संवेग हुन् । मान्छेका पीडा, दु :ख, अनुभूति आदि मानवीय संवेग हुन् । 'कविता फुर्दैन ' रचनामा कवि संवेगलाई यसरी प्रकट गर्दछन् :

यी तमाम विधवाका वेदनाहरू
हरेक टुहुराका भविष्यहरू
ती आमाका मुटुका घाउहरू
पखाल्न खोजे पनि, मेट्न खोजे पनि (दाहाल २०७०, पृ. २९ ) ।

माथिको कविताको अंशले संवेगको यथार्थ चित्रण गरेको छ । यो संवेगको दृष्टान्त प्रस्तुत गर्ने जीवन्त नमुना हो । विधवाका वेदना, टुहुराका भविष्य र आमाका मुटुका घाउ कुनै शब्दले भौतिक र तार्किक व्याख्या त गर्ला तर भावको पूर्वानुमान शब्दबाट भन्दा अनुभूति वा संवेगबाट मात्र हुन्छ भन्ने यथार्थ प्रस्तुत गरेको छ ।

***निराशावादी चेतनाको अभिव्यक्ति***

कवि दाहालका कविताले संवेदनाका कविता प्रस्तुत गर्दा सकारात्मक तथा नकारात्मक दुवै किसिमका भावका कविता रचना गरेका छन् । उनको 'कविता फुर्दैन ' रचनाले यस्तै निराशावादी भाव प्रस्तुत गरेको छ । हामी आज थाकेका छौँ । गलेका छौँ । क्लान्त भएका छौँ । निराश बनेका छौँ भन्ने भाव कवितामा यसरी प्रस्तुत भएको छ :

हरेक नेपाली उदासीन पो भएछन् क्यार !
त्यसैले होला नेपालीले आजकाल
अन्याय, अत्याचार र भ्रष्टाचारको
प्रतिकार गर्न सक्दै सक्दैन (दाहाल, २०७०, पृ. २९ ) ।

माथि उद्घृत गरिएको अंशले नेपाली निराश भएको भाव सम्प्रेषित गरेको छ । डटेर सामना गर्नुको साटो अब सकिदैन भनेर हतोत्साही भएको वा निराश भएको यथार्थ अवस्था चित्रण गरिएको छ ।

***वर्गभेद र वर्णभेदको अभिव्यक्ति***

कवि दाहालले आजको मान्छेको वर्गीय र वर्णीय चरित्रलाई सग्लो र सङ्लो रूपमा अभिव्यक्त गरेका छन् । ' मेट्रो नर्थ विभेदता एक अनुभूति ' शीर्षकको कवितामा मान्छेको सक्कली चरित्र प्रस्तुत गरेका छन् । यहाँ वर्ग भेदको सजीव चित्रण छ । वर्ग भेदका साथै वर्ण भेदको समेत जीवन्त प्रस्तुति छ । वर्णका आधारमा भएको भेदको चरम पराकाष्ठाको यथार्थलाई यसरी देखाउन सकिन्छ :

यत्रतत्र हेर्छु विश्वास लाग्दैन
खाली सिट अनि उभिएका यात्रु
यसलाई असत्य भन्न मनले मान्दैन
सिटमा बसेकी सुन्दरी कालीलाई
पटकपटक चियाएर हेरे पनि (दाहाल ,२०७०, पृ. ४१ ) ।

मन मनले चाहे पनि
उसको छेउमा उभिएको सेतो अनुहार
कालीसित बस्न सक्तैन (दाहाल, २०७०, पृ. ४२ ) ।
यात्राकै सिलसिलामा ज्ञात भो
विभेदता नै खाली सिटको जड हो
तसर्थ सेतो दम्भले
सँगै बस्तैन
कालो हीनताबोधले छेउ पर्नै सक्तैन
यत्रतत्र रहेछ विभेदता (दाहाल, २०७०, पृ. ४२ ) ।

माथिका श्लोकांशले विभेदको पराकाष्ठाको चित्रण गरेको छ । दुनियाँमा स्वतन्त्रता र समानताको वकालत गर्ने अमेरिका ,बेलायतजस्ता विकसित मुलुकमा झन् विभेदता डरलाग्दो रहेको तथ्य चित्रण गरेको छ । आाफूलाई स्वतन्त्रता र समानताको ठेकेदार ठान्ने देशहरूमा अझ बढ्ता विभेद रहेको यथार्थता प्रस्तुत भएको छ । नेपालको सन्दर्भ जोड्ने हो भने यहाँ हिमाल, पहाड, तराई सबै क्षेत्रका मानिस सँगसँगैका सिटमा बसेर यात्रा गर्छन् भनिएको छ ।

***आशावादी जीवनदृष्टिको अभिव्यक्ति***

कवि खेमनाथ दाहालका कविताले आदर्श चेतले भरिएका आशावादी जीवनदृष्टिको वकालत गर्दछन् । विवेच्य कविता सङ्ग्रहमा रहेको ' आत्माको आावाज ' कवितामा कवि आशावादी जीवनदृष्टिको भाव यसरी प्रस्तुत गर्दछन् :

बाध्यता र विवशताका बिचमा
अझै पनि हामी निराश छैनौँ
हाम्रो आत्माले देख्तै छ
हाम्रो आत्माले महसुस गर्दै छ
कताकता पर क्षितिजमा
लाली चढेको आभास पाइँदै छ (दाहाल, २०७०, पृ. ३४ ) ।

माथि उद्घृत अंशले आशावादी जीवनदृष्टिलाई स्वाभाविक ढङ्गले यथार्थताको अभिव्यक्ति हुने गरी सजीव भाव प्रस्तुत गरेको छ ।

अब छोटो प्रतीक्षा गर
चाँडै क्षितिज खुल्ने छ
शान्तिको बिरूवा बढ्ने छ
आकाश फाट्ने छ (दाहाल, २०७०, पृ. ३६ ) ।

' परिणाम ' कवितामा कवि दाहालको आशावादी जीवनदृष्टि यसरी व्यक्त भएको छ :

ढल्ने छन् पुराना अवशेषहरू
ढल्ने छन् पुराना अवरोधहरू र
खडा हुने छन् नयाँ संरचनाहरू
उदाउने छन् क्रान्तिका नयाँ सुत्रधारहरू (दाहाल, २०७०, पृ. ४७ ) ।

' तृष्णा मेट्नु छ ' कवितामा आशावादी स्वर यसरी व्यक्त भएको छ :

यहाँ फोहोरा, छहरा छुटाउनु छ
प्रतीक्षारत तिम्रा उपासकहरूलाई
सिञ्चित गर्नु छ , तृष्णा मेट्नु छ (दाहाल, २०७०, पृ. ५६ ) ।

माथि उद्घृत अंशले जीवनलाई आशावादी बनाएर अगाडि बढ्न सङ्केत गरेको छ । यस क्रममा आदर्शको लेपन लगाइएको छ ।

**प्राप्ति तथा निष्कर्ष**

कवि खेमनाथ दाहालको ' *म त बन्दी भएको छु* ' कविता सङ्ग्रह भित्रका कविताले समाजका विविध यथार्थको अभिव्यक्ति दिएका छन् । प्रस्तुत काव्य सँगालोमा मूलत : वर्तमान समसामयिक परिवेश र सन्दर्भका यथार्थ विषयवस्तु काव्यमा व्यवहृत भएका छन् । प्रस्तुत कविता सङ्ग्रहमा समेटिएका ३० वटा कविताको औपचारिक आयाम ६९ पृष्ठको सीमामा आबद्ध छ । कविताका विषयक्रम प्रस्तुतिमा यथार्थता छ । कविता सङ्ग्रहमा रहेका कविताका विषयवस्तु र शीर्षक यथार्थ छन् । चालिसदेखि सत्तरीको दशकसम्मका कविता यस सँगालोमा रहेकाले यिनले त्यस समयका नेपाली परिवेश र विश्व परिवेशसम्मका विषय समेटिएका छन् । तत्कालीन समाज, अर्थव्यवस्था, संस्कृति, राजनीति र संस्कार यथार्थ रूपमा प्रतिबिम्बित भएका छन् । तत्कालीन समयका समाजका यथास्थिति, विसङ्गति, विकृति, बेथिति सबल रूपमा उत्रेका छन् । यथार्थको प्रस्तुति र भाव विन्यासका दृष्टिले काव्य सफल बन्न पुगेको छ । काव्यमा प्रस्तुत भएका जेजस्ता अभिव्यक्ति छन् ती सान्दर्भिक र यथार्थ छन् । समाजको वास्तविक पहिचानका दृष्टिले विवेच्य कविता सङ्ग्रह सफल कृति मानिन्छ ।

**सन्दर्भ सामग्री**


अधिकारी, गणेशराज (२०७२ )," म त बन्दी भएको छु " कविताका आलोकमा कवि खेमनाथ दाहाल, *बगर,* त्रैमासिक, वर्ष ३३, पूर्णाङ्क ९१ ,वैशाख असोज पृ ४८७..४९८ ।

अधिकारी , गणेशराज, गौतम, वासुदेव र ढुङ्गेल, वासुदेव ( २०७९ ), *साहित्यशास्त्र र नेपाली समालोचना,* भुँडीपुराण प्रकाशन ।

आचार्य, कृष्णप्रसाद ( २०६७ ), *साहित्यशास्त्र र नेपाली समालोचना* , क्षितिज प्रकाशन ।

जोशी, कुमारबहादुर ( २०५१ ), *पाश्चात्य साहित्यका प्रमुख वाद* , साझा प्रकाशन ।

ढुङ्गेल, वासुदेव, अधिकारी, गणेशराज र गौतम,वासुदेव ( २०७६ ), *नेपाली कविता र काव्य* , भुँडीपुराण प्रकाशन ।

दाहाल, खेमनाथ ( २०७० ), *म त बन्दी भएको छु* , उषा दाहाल ।

बराल र अन्य (२०७९ ), *नेपाली साहित्यकोश,* (दोस्रो संस्क.) नेपाल प्रज्ञा प्रतिष्ठान ।

भण्डारी, पारसमणि र पौडेल, माधवप्रसाद, ( २०६८ ), *साहित्यशास्त्र र नेपाली समालोचना* , विद्यार्थी पुस्तक भण्डार ।